annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १५८, पृष्ठ ८ | काठमाडौं, शनिबार २५ असोज २०८२ | कार्तिक कृष्णपक्ष पञ्चमी, नेपाल संवत् ११४२ | SATURDAY, OCTOBER 11, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# एनआरएनए : जुटे उठ्ने, फुटे मर्ने अवस्था

दुई दशकअघि 'नेपाल बाहिरका नेपालीहरूको साझा शक्ति' भनेर स्थापित एनआरएनए आज आन्तरिक संघर्षले थिलथिलो छ । राजनीतिक प्रभाव, गुटबन्दी र स्वार्थका कारण दुई टुक्रा बनेको संघ फेरि एक हुने प्रयासमा जुटेको छ । अमेरिका हुँदै विश्वका विभिन्न मुलुकमा बसोबास गर्ने नेपालीहरू आज अक्टोबर ११ अर्थात् एनआरएन डे मनाउँदै गर्दा यही एकताको सन्देश मुख्य विषय बनेको छ । संस्थापक अध्यक्ष उपेन्द्र महतोले त 'जलेको घरमै एकताको उत्सव गर्ने' तयारी गरिरहेका छन् ।

समाचार पृष्ठ २

सुरज भण्डारी | *अमेरिका*
– को रिपोर्ट



एउटा अनि साझा एनआरएनए मात्र एनआरएनहरूको संस्था हुन सक्छ । दुवै मिलेर आएकै खण्डमा म आफ्नो जलेको घरमै सबैलाई बोलाएर एकताको सन्देश दिनेछु ।

**उपेन्द्र महतो**, संस्थापक अध्यक्ष



एकताबद्ध संस्था नै हाम्रो शक्ति हो भन्ने हेक्का सबैले राख्नुपर्छ । अब फेरि मिल्ने दिशामा अघि बढ्नुपर्छ ।

**जीवा लामिछाने**, पूर्वअध्यक्ष



अब सबैले समयको माग र सिकाइ बुझेर एकताबद्ध एनआरएनए बनाउनुपर्छ । संघको पुनर्संरचना साझा सहमतिबाटै हुनुपर्छ ।

**रामप्रताप थापा**, संस्थापक



एकताबद्ध एनआरएनए बनेन भने यसको शक्ति हराउँछ । नेपालमा गर्न सकिने पनि गर्न सकिँदैन । जुटेपछि सबैको जित हुन्छ ।

**भीम उदास**, संस्थापक



एकता हुनेमा सहमति भइसकेको छ । अब प्राविधिक कुरा मिलाउन गहन छलफल भइरहेको छ ।

**डा. बद्री केसी**, अध्यक्ष




मिलेर जानुको विकल्प छैन । सहमति हार वा जित होइन, संस्थाको अस्तित्व हो ।

**महेश श्रेष्ठ**, अर्का अध्यक्ष

## भित्री पृष्ठ



फर्की आऊ शान्ति तिमी ... - पृष्ठ ३



आधुनिक इब्सेन जोन फोस्से - पृष्ठ ४



नीलाचलमा १० महाविद्याबीच कामाख्या - पृष्ठ ५




डिजिटल प्रवर्धनमा जोड, घटाइयो डेबिट कार्डको सीमा - पृष्ठ ७

# निरंकुशताविरुद्ध लडिरहेकी भेनेजुएलाकी विपक्षी नेतृलाई नोबेल शान्ति पुरस्कार

एजेन्सी | *स्विडेन*

भेनेजुएलाकी विपक्षी दलकी नेतृ मारिया कोरिना माचाडोलाई यस वर्षको नोबेल शान्ति पुरस्कार प्रदान गरिएको छ। पुरस्कार पाउने खबरले आफू निकै हर्षित भएको बताउँदै ५८ वर्षीया माचाडोले भनिन्, 'म भावविह्वल छु, खुसीले भावविह्वल छु।' भेनेजुएलाका राष्ट्रपति निकोलस मादुरोले जितेको गत वर्षको राष्ट्रपति चुनावमा माचाडोलाई उम्मेदवार हुनबाट रोक लगाइएको थियो। उक्त चुनावको अन्तर्राष्ट्रिय स्तरमा पनि व्यापक आलोचना भएको थियो। चुनाव न त स्वतन्त्र न त निष्पक्ष नै भएको छ भन्दै अन्तर्राष्ट्रिय जगत्मा आलोचित भएको थियो।







जनताका लागि लोकतान्त्रिक अधिकारको प्रवर्धन गर्ने अथक कार्य र तानाशाहीबाट लोकतन्त्रमा न्यायपूर्ण तथा शान्तिपूर्ण संक्रमण प्राप्त गर्न गरेको संघर्षका लागि माचाडोलाई नोबेल शान्ति पुरस्कार प्रदान गरिएको नोबेल पुरस्कार समितिले जनाएको छ। नोबेल समितिले सन् २०२५ को नोबेल शान्ति पुरस्कार 'अँध्यारो बढ्दो समयमा पनि लोकतन्त्रको ज्योति जलाइरहेकी' महिलालाई प्रदान गरिएको जनाएको छ। ल्याटिन अमेरिकामा पछिल्ला वर्षहरूमा देखिएको असाधारण साहसको उदाहरणका रूपमा माचाडोलाई यो पुरस्कार प्रदान गरिएको समितिले जनाएको छ।

माचाडो लोकतान्त्रिक शक्तिलाई एकताबद्ध पार्ने एक महत्त्वपूर्ण व्यक्तित्व भएको नोबेल पुरस्कार समितिका अध्यक्ष जोर्गेन वाट्ने फ्राइड्नेसले बताए। उनले भने, 'मारिया कोरिना माचाडोले करिब २० वर्षअघि स्वतन्त्र र निष्पक्ष निर्वाचनका पक्षमा उभिँदै गोलाबारुद नभई मतपत्र भन्ने बाटो रोजेकी थिइन्।' यसअघि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पनि नोबेल शान्ति पुरस्कारका लागि दाबी गर्दै आएका थिए। ट्रम्पले आफूले विश्वका धेरै भागमा सैन्य द्वन्द्वमा शान्ति ल्याएको भन्दै नोबेल शान्ति पुरस्कारका लागि दाबी गर्दै आएका थिए। हालै उनले गाजामा हमास र इजरायलबीच पहिलो चरणको युद्धविरामको घोषणा गरेका थिए।

**को हुन् मारिया कोरिना माचाडो ?**

मारिया कोरिना माचाडो भेनेजुएलाकी विपक्षी नेतृ हुन्। गत वर्ष उनलाई राष्ट्रपति चुनावमा उम्मेदवार हुनबाट रोक लगाइएको थियो। यसले गर्दा चुनावलाई अन्यायपूर्ण भनी विश्वव्यापी रूपमा निन्दा गरिएको थियो। गत वर्षको चुनावी सर्वेक्षणले उनको जित सुनिश्चित रहेको जनाएको थियो। तर, धेरै पर्यवेक्षकहरूले चुनावी अनियमितताहरू फेला पारे पनि त्यहाँका राष्ट्रपति निकोलस मादुरोले तेस्रो कार्यकाल जिते। चुनावी नतिजापछि देशका धेरै भागहरूमा विरोध प्रदर्शन भए तर प्रशासनले त्यसलाई दबाइदियो।

माचाडो हाल अज्ञात अवस्थामा छिन्। उनी गत जनवरीमा मादुरोको शपथग्रहण विरुद्धको विरोध प्रदर्शनमा देखिएकी थिइन्। उनलाई केही समयका लागि पक्राउ गरिए पनि पछि रिहा गरिएको थियो।

पुरस्कार प्राप्त गरेको खबर सुनेपछि आफू अचम्मित भएको प्रतिक्रिया उनले दिएकी छन्। उनको प्रेस टोलीले एएफपी समाचार एजेन्सीलाई पठाएको भिडियोमा माचाडोले आफ्नो स्थानमा उम्मेदवार बनेका एडमुन्डो गोन्जालेजलाई भनिन्, 'म अचम्ममा परेकी छु।'

» बाँकी पृष्ठ ६

# भ्रष्टाचारमा मुछिएका बीपीका पूर्वपदाधिकारीलाई कारबाही नगरी उन्मुक्ति

रत्नप्रसाद आचार्य | *सुनसरी*

भ्रष्टाचार र आर्थिक अनियमिततामा मुछिएका बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानका पूर्वपदाधिकारीमाथि अहिलेसम्म कुनै ठोस कारबाही हुन सकेको छैन।

यसअघि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले गठन गरेका दुई छुट्टाछुट्टै छानबिन समितिले ती पदाधिकारीमाथि गम्भीर आर्थिक अनियमितता र पदीय दुरुपयोगको प्रमाणसहित प्रतिवेदन बुझाएका थिए। तीन वर्षभन्दा बढी बितिसक्दा पनि दोषीहरू अझै उन्मुक्त छन्। यसले न केवल प्रतिष्ठानभित्रको शैक्षिक र प्रशासनिक वातावरणलाई नकारात्मक बनाएको छ, बरु सम्पूर्ण स्वास्थ्य क्षेत्रमा सुशासन तथा जवाफदेहिताको मर्ममाथि प्रश्न उठाएको छ। बीपी प्रतिष्ठानमा आर्थिक अनियमितताका घटनामा वृद्धि भएको भन्दै पटकपटक गुनासो र उजुरी परेपछि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र शेरबहादुर देउवा नेतृत्वको सरकारले तीनवटा छानबिन समिति गठन गरेका थिए।

» बाँकी पृष्ठ ६

# राष्ट्रपतिको चुनावमा जोडबल, दलहरू दोधारमा

राधा खनाल | *काठमाडौं*

राष्ट्रपति रामचन्द्र पौडेलले देश, जनता, लोकतन्त्र र संविधानको रक्षाका लागि आगामी प्रतिनिधिसभा निर्वाचन नै एक मात्र विकल्प भएको बताएका छन्। जेन-जी आन्दोलनको करिब १ महिनापछि पहिलोपटक बसेको सर्वदलीय बैठकमा राष्ट्रपति पौडेलले आगामी फागुन २१ गतेका लागि तोकिएको निर्वाचनमा सबै राजनीतिक दलहरूलाई केन्द्रित हुन आग्रह गरे। राष्ट्रपति पौडेलले लोकतन्त्रको रक्षा सबै दलको साझा जिम्मेवारी रहेको बताए। उनले शान्ति, सुरक्षा र निष्पक्ष वातावरणमा निर्वाचन सम्पन्न गर्न सरकार जिम्मेवार हुनुपर्ने बताए। प्रेस सल्लाहकार किरण पोखरेलका अनुसार राष्ट्रपतिले निष्पक्ष र भयरहित निर्वाचनका लागि आवश्यक तयारी र सुरक्षा प्रत्याभूति गर्न सरकारलाई सुझाव दिए।

उनले राजनीतिक दलहरूबीच कुनै दुविधा वा अस्पष्टता भए खुलस्त छलफल गरी समाधान खोज्न आग्रह गर्दै निर्वाचनबाहेक अन्य विकल्प खोज्ने प्रयास देश र लोकतन्त्र दुवैका लागि घातक हुने बताए। राष्ट्रपतिले दलहरूलाई जनतामाझ स्पष्ट सन्देशसाथ जान, जेन-जीपुस्ताले उठाएका माग र असन्तुष्टिलाई आत्मसात् गर्दै लोकतान्त्रिक अभ्यासलाई सुदृढ बनाउन आह्वान गरेका थिए।



राष्ट्रपति पौडेलले डाकेको सर्वदलीय बैठकमा पहिलोपटक प्रधानमन्त्री सुशीला कार्कीले राजनीतिक दलहरूसँग प्रत्यक्ष संवाद गरिन्। कार्की प्रधानमन्त्री भएयता दलसँग पहिलोपटक आमने/सामने भएकी हुन्। बैठकमा दलका दोस्रो पुस्ताका नेताहरूको सहभागिता रहेको थियो। प्रधानमन्त्री कार्कीले राजनीतिक दलहरूलाई निषेध गरेर अगाडि जान नसकिने स्वीकार गरेकी छन्। उनले दलहरूले पनि परिवर्तनलाई आत्मसात् गर्दै अहिलेको वास्तविकतालाई स्वीकार्नुपर्ने बताइन्।

उनले दलहरूको सहभागिताबिना निर्वाचन नहुने विषयमा सरकार प्रस्ट रहेको बताइन्। उनले स्वतन्त्र, निष्पक्ष र भयरहित निर्वाचन गराउन सरकारले शान्ति सुरक्षाको प्रबन्ध गर्ने आश्वासन दिएकी छन्।

बैठकमा बोल्दै प्रधानमन्त्रीले जेन-जीहरू हामी सबैका छोरा, नाति भएकाले उनीहरूले किन आज यस्तो असन्तुष्टि व्यक्त गरे भन्ने बुझ्नतर्फ लाग्न र आगामी दिनमा जनताका भावना बुझेर थप सचेत र सजग हुँदै अघि बढ्न आह्वान् गरिन्।

बैठकमा दलका नेताहरूले प्रधानमन्त्रीसमक्ष भदौ २४ गते लुटिएका प्रहरीका हतियार र जेलबाट भागेका कैदीबन्दीहरू बाहिरै छाडेर निर्वाचन कसरी गर्न सकिन्छ भन्ने प्रश्न उठाएका थिए। जवाफमा प्रधानमन्त्री कार्कीले कसरी गर्ने भन्ने विषयमा सरकारले वातावरण बनाउने र दलहरूले सहयोग गर्नुपर्ने उल्लेख गरिन्।

कार्की नेतृत्वको सरकारले राजनीतिक दलहरूसँग पहिलोपटक गरेको छलफलमा दोस्रो तहका नेताहरू मात्र सहभागी भएका थिए। जेन-जी आन्दोलनको मुख्य तारो नै दलहरू र तीनका प्रमुख नेताहरू भएकाले सरकार उनीहरूसँग वार्तामा बस्न चाहेको थिएन। सोहीअनुरूप दोस्रो तहका नेतासँग मात्र प्रधानमन्त्री छलफलमा बसेकी हुन्।

आउँदो फागुन २१ गतेका लागि घोषित निर्वाचनका विषयमा छलफल गर्ने विषयमा राष्ट्रपति र प्रधानमन्त्रीबीचको सहमतिबमोजिम राष्ट्रपतिले सर्वदलीय बैठक डाकेका थिए। निर्वाचनको तालिकाका विषयमा आफूहरूसँग छलफल र परामर्शबिना निर्वाचन कार्यक्रम अघि बढाइएको भन्दै दलहरू असन्तुष्ट छन्।

बैठकमा दलहरूले चुनावका लागि मुख्य सरोकारवाला दलहरू नै भएकाले दललाई बाइपास गर्ने खालका गतिविधि सरकारबाटै भएको भन्दै प्रश्न गरेका थिए। बैठकमा सहभागी एक नेताका अनुसार सर्वदलीय बैठक राष्ट्रपति कार्यालयमा किन राखियो ? भन्दै प्रश्न गरेका थिए।

जवाफमा प्रधानमन्त्री कार्कीले आफूहरूकै आग्रहमा राष्ट्रपतिबाट बैठक राखिएको तर अबदेखिका बैठक भने सिंहदरबारमै हुने स्पष्ट पारेकी थिइन्।

» बाँकी पृष्ठ ६